मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क १२१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ बैशाख ३१ गते बुधबार ❑ 14 May 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## बीसबुँदे घोषणापत्र जारी गर्दै प्रेस युनियनको लोमान्थाङ अन्तरराष्ट्रिय मिडिया समिट सम्पन्न

**रासस**
मुस्ताङ, ३० बैशाख

लोकतन्त्र, प्रेस स्वतन्त्रता एवं जलवायु सङ्कटलगायत महत्त्वपूर्ण विषयसँग जुध्न योगदान गर्ने सबैको प्रयासको कदर एवं प्रतिबद्धतासहित नेपाल प्रेस युनियनको 'लोमान्थाङ अन्तरराष्ट्रिय मिडिया सम्मेलन २०२५' सम्पन्न भएको छ।

'लोकतन्त्र, प्रेस स्वतन्त्रता र जलवायु सङ्कटका विषयमा यही वैशाख २७ गते सुरू भएर आज सम्पन्न भएको सम्मेलनले २० बुँदे 'लोमान्थाङ घोषणा-पत्र' जारी गर्दै लोकतन्त्र, स्वतन्त्र प्रेस र जलवायु सङ्कट मानवता र पृथ्वीसँग अन्तरसम्बन्धित विषयमा भएको उल्लेख गरिएको छ।

मंगलबार जारी भएको 'लोमान्थाङ घोषणा-पत्र'मार्फत प्रेस युनियनले बढ्दो लोकप्रियवाद, सबै प्रकारका उग्रवाद र प्रतिगामी शक्तिहरू तथा सङ्घीयताको कार्यान्वयनप्रतिको उदासिनता र कुशासनले लोकतन्त्रलाई दिएको खतराप्रति सचेत रहनुपर्नेमा जोड दिएको छ। त्यसैगरी अभिव्यक्ति तथा विचारको स्वतन्त्रता, विशेषगरी प्रेस स्वतन्त्रता, सञ्चार र सूचनाको अधिकारसम्बन्धी संवैधानिक तथा कानुनी प्रावधानहरूको कार्यान्वयनमा जोड दिइएको छ। राजनीतिक नेतृत्वप्रति निराशा र आक्रोश तथा राजनीतिक प्रणालीप्रति बढ्दो उपेक्षाका कारण लोकतन्त्रलाई जनउत्तरदायी र परिणाममुखी बनाउन सुधार आवश्यक रहेको औँल्याउँदै नेपाल प्रेस युनियनले लोकतन्त्रलाई सशक्त बनाउन र चुनौतीहरूप्रति ठोस जवाफ दिन सहयोग पुऱ्याने विश्वास व्यक्त गरिएको छ। "राजनीतिक दलहरू र नागरिक समाज संस्थाहरू लोकतन्त्रका पूरक हुन्। यिनीहरूबीचको सहयोग र सन्तुलनले राज्यलाई जवाफदेही, लोकतान्त्रिक र उत्तरदायी बनाउन सहयोग गर्छ। त्यसैले नेपाल प्रेस युनियन राजनीतिक प्रणालीमा निरन्तर सुधारका लागि नेतृत्वदायी भूमिका प्रदर्शन गर्न सबैलाई आह्वान गर्दछ", घोषणा-पत्रमा भनिएको छ। घोषणा-पत्रमार्फत पत्रकारिता, राजनीतिक दल र नागरिक समाजबीच परस्पर सहकार्य प्रवर्द्धन गर्न, लोकतन्त्र र राजनीतिक प्रणालीप्रति जनविश्वास बलियो बनाउन सहकार्यात्मक र निरन्तर संवादको प्रवर्द्धनको आह्वान गरिएको छ। त्यसैगरी प्रेस स्वतन्त्रताको सन्दर्भमा नेपाल प्रेस युनियनले संसारभर (गाजालगायत) हत्या, डर, धम्की र उत्पीडनको सिकार भएका पत्रकार र स्वतन्त्र अभिव्यक्तिको पक्षमा ओकालत गर्नेहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै पत्रकारहरूको सुरक्षा र संरक्षणप्रति ऐक्यबद्धता जनाएको छ। स्थानीय मिडिया प्रणाली र संरचना सुदृढ पार्ने, प्रेस स्वतन्त्रता र लोकतन्त्रको रक्षा गर्ने, र जलवायु सङ्कटसँग जुध्न सक्ने क्षमताको विकास गर्न आह्वान गर्दै प्रेस युनियनले दक्षिण एसियाली मुलुकहरूमा र विश्वभर 'डिजिटल स्पेस' नियमनको नाममा बढ्दो प्रेस स्वतन्त्रता माथिको आक्रमणको प्रतिकार गर्न आग्रह गरेको छ।

बहुआयामिक असहिष्णुताले अभिव्यक्ति तथा प्रेस स्वतन्त्रतामाथि खतरा बढाएको, विश्वव्यापी लोकप्रियतावाद, आतङ्कवाद, उग्रवाद, अधिनायकवाद र ठूला प्रविधि कम्पनीहरूले लोकतन्त्र र प्रेस स्वतन्त्रतामाथि गम्भीर खतरा उत्पन्न गरिरहेको उल्लेख गर्दै घोषणा-पत्रमा कुनै पनि बहानामा स्वतन्त्र प्रेसमाथि आक्रमण हुनुहुँदैन भनिएको छ।

सूचना प्रवाहको डिजिटल विस्तारसँगै तीनै तहका सरकारहरूले अनुकूल नीति र कानुनमार्फत सकारात्मक हस्तक्षेप गर्नुपर्नेमा जोड दिँदै घोषणा-पत्रमा पत्रकारहरूको अधिकार, डिजिटल साक्षरता र परस्परसम्बद्ध मिडियाको माध्यमबाट लोकतन्त्र र प्रेस स्वतन्त्रताको रक्षा तथा जलवायु सङ्कटसँग जुध्न सक्ने वातावरण निर्माण गर्न सचेतना अभिवृद्धि गर्न आह्वान गरिएको छ। बलियो सूचना प्रणाली र सत्यनिष्ठासहितको सार्वजनिक हितमा आधारित विश्वसनीय मिडिया विकासबाट लोकतन्त्र, मानव अधिकार र जलवायु सङ्कटबारे जनतासम्म यथार्थपूर्ण सूचना पुऱ्याउन सहयोग गर्ने विश्वास व्यक्त गरिएको छ। पर्यावरणमैत्री, समावेशी र दिगो विकासको अवधारणाअनुसार नीति, योजना, दृष्टिकोण र पूर्वाधार निर्माणको आह्वान गर्दै प्रेस युनियनले जलवायु सङ्कट क्षेत्रीय प्रमुख एजेन्डा भएकाले यहाँका राजनीतिक दलहरूले यसलाई प्राथमिकतामा राख्नुपर्ने र राजनीतिक तहबाट यसप्रति ऐक्यबद्धता प्रकट गर्नुपर्नेमा जोड दिएको छ। काठमाडौँ, पोखरा र लोमान्थाङमा सम्पन्न अन्तरराष्ट्रिय मिडिया सम्मेलनमा सहभागी पत्रकारहरू, सञ्चारकर्मीहरू, नागरिक समाजका सदस्यहरू, सङ्घीय सरकारका मन्त्रीहरू, श्रमिक सङ्गठनका नेताहरू, प्रदेशका मुख्यमन्त्री र मन्त्रीहरू, स्थानीय सरकारका प्रमुख र प्रतिनिधिहरू, राजनीतिक अभियन्ता, विकासकर्मी, लोकतन्त्र, अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता र जलवायु सङ्कट न्यूनीकरणका अभियन्ताहरू, अन्तरराष्ट्रिय पत्रकारका सङ्घसंस्थाका प्रतिनिधि तथा विभिन्न देशहरूका प्रतिनिधिहरूले सहभागिता रहेको थियो।

नेपालको संविधानद्वारा प्रदान गरिएका अभिव्यक्ति तथा प्रेस स्वतन्त्रताको ग्यारेन्टी, विशेषगरी धारा १७ (विचार तथा अभिव्यक्तिको स्वतन्त्रता), धारा १९ (सञ्चारको अधिकार) र धारा २७ (सूचनाको हक) को पालना गर्ने सम्मेलनमा प्रतिबद्धता जनाएको छ। दिगो विकासका लागि सन् २०३० को एजेन्डा (दिगो विकास लक्ष्य) तथा पेरिस घोषणाले सुशासन, जवाफदेहिता, गरिबी उन्मूलन र जलवायु परिवर्तनविरूद्ध तत्काल कदम चाल्न आवश्यक रहेको उल्लेख गरेको तथ्यलाई मान्यता दिएको उल्लेख गर्दै यसमा प्रेस स्वतन्त्रता र जान्न पाउने अधिकार लोकतन्त्र प्रवर्द्धन तथा मानव अधिकार र मौलिक स्वतन्त्रताको सुनिश्चितताका लागि अत्यावश्यक छन् भन्ने विषयलाई स्वीकार गरिएको छ।

त्यस्तै हिमाली जिल्ला 'मुस्ताङ'को सांस्कृतिक, प्राकृतिक विशेषता र व्यापारिक सम्भावनाका बारेमा उल्लेख गर्दै घोषणा-पत्रमा मुस्ताङको संरक्षण र सम्बर्द्धनका विषयमा निरन्तर संवाद र विचार-विमर्श हुनुपर्नेमा जोड दिइएको छ।

त्यसैगरी नेपाल-चीनबीचको कोरला नाका सहज सञ्चालन र कालीगण्डकी करिडोरको पूर्णता सुनिश्चित गर्न सङ्घीय सरकारलाई आह्वान, जसले क्षेत्रीय विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने प्रेस युनियनले विश्वास व्यक्त गरेको छ। मुस्ताङ, मुक्तिनाथ, दामोदर कुण्ड र कैलाश मानसरोवरबीचको धार्मिक-सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्न तथा आपसी सहयोग एवं हितमा प्रयोग गर्ने सम्भावनाको यथार्थपरक कार्यान्वयनतर्फ सबै सरोकारवालाको ध्यानाकर्षण गराइएको छ। घोषणा-पत्र जारी गर्न आयोजित कार्यक्रममाा लोमान्थाङ गाउँपालिका अध्यक्ष टासी नोर्वु गुरूङले राजनीति नीतिगत अस्पष्टताका कारण हिमाली जिल्लाा जलवायु परिवर्तनको मारमा परेको बताउनुभयो। सो अवसरमा राष्ट्रिय समाचार समिति (रासस) का कार्यकारी अध्यक्ष एवं नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष धर्मेन्द्र झा, महासङ्घका पूर्वअध्यक्षहरू तारानाथ दाहाल, हरिहर वीरहीलगायत वरिष्ठ पत्रकारहरूको उपस्थिति रहेको थियो।

## धवलागिरि आरोहण दिवस मनाइयो

**पोखरापत्र संवाददाता**
गण्डकी, ३० बैशाख



संसारका आठ हजार मिटरभन्दा अग्ला १४ हिमालमध्ये सातौँ स्थानमा पर्ने धवलागिरि हिमाल (आठ हजार एक सय ६७ मि ) मा पहिलोपटक मानव पाइला पुगेको मंगलबार ६५ वर्ष पूरा भएको छ।

आजकै दिन अर्थात् सन् १९६० मे १३ मा स्विस-अस्ट्रियन संयुक्त आरोहण दलका म्याक्स आइसेलिनको नेतृत्वमा गएका दुई नेपालीसहित सात जना आरोहीले धवलागिरि हिमालको सफल आरोहण गरेका थिए। उक्त आरोहण दलमा नेपालबाट निमा दोर्जी शेर्पा र ङवाङ्ग दोर्जी शेर्पा सम्मिलित हुनुहुन्थ्यो। नेपालका आठ हजार मिटरभन्दा माथिका आठ हिमालमध्ये म्याग्दीमा पर्ने धवलागिरि हिमालमा पहिलोपटक गरिएको आरोहणलाई नेपालको पर्वतारोणको इतिहासमा महत्त्वपूर्ण दिनका रूपमा स्मरण गरिएको हो। ६५औँ धवलागिरि आरोहण दिवसका अवसरमा ट्रेकिङ ऐजिन्सिज एसोसियसन अफ नेपाल (टान) गण्डकीले मङ्गलबार पोखरामा 'धवलागिरि पदयात्रा, समस्या, चुनौती र समाधान' विषयक अन्तरक्रिया आयोजना गरेको हो। उक्त अवसरमा पर्यटनविद् समीर बरालले धवलागिरि क्षेत्रको पर्यटन विकासका अवसर र चुनौतीबारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। उहाँले हिमाल आरोहणसँगै पदयात्रा पर्यटनका लागि धवलागिरि क्षेत्रलाई विश्वकै आकर्षक गन्तव्यका रूपमा विकास गर्न सकिने बताउनुभयो। "पर्यटकीय पूर्वाधार र प्रचारप्रसार हुन सकेमा धवलागिरि क्षेत्रको पर्यटनबाट मुलुकको ठूलो लाभ लिन सक्छ, स्थानीयवासीको जीवनस्तर पनि उकासिन्छ", उहाँले भन्नुभयो, "अन्नपूर्ण चक्रीय पदमार्ग नासिँदै र छोटिदैँ गएका बेला धवलागिरि चक्रीय पदमार्ग त्यसको विकल्प बन्न सक्छ।" धवलागिरि हिमाल साहसिक पर्वतारोहीको आकर्षणमा पर्ने गरेको भन्दै उहाँले नेपालका अन्य हिमालको भन्दा भिन्दै आरोहण अनुभव धवलागिरिमा हुने गरेको बताउनुभयो।

"धवलागिरि हिमाल आरोहणलाई जोखिमयुक्त पनि मानिन्छ, त्यहाँको भू-बनोट र हावापानी अनौठो किसिमको छ, आधा/आधा घण्टामा मौसम बदलिइरहन्छ", उहाँले भन्नुभयो। प्रकृति र संस्कृतिलाई जोडेर धवलागिरि क्षेत्रको पर्यटन प्रवर्द्धनको योजना बनाउनुपर्ने पर्यटनविद् बरालले बताउनुभयो। ट्रेकिङ व्यवसायी विश्वहाङ राईले धवलागिरि चक्रीय पदमार्गमा पर्यटकीय पूर्वाधारको खाँचो रहेको औँल्याउनुभयो। मानव बस्ती नै नभएको ठाउँमा पदयात्रा गर्नुपर्ने भएकाले ठाउँठाउँमा आश्रयस्थल निर्माण गर्नुपर्ने उहाँले बताउनुभयो।

पर्वतारोहण सङ्घ, गण्डकीका अध्यक्ष विकास गुरूङले गण्डकी प्रदेशमा एक सय ३३ वटा हिमाल रहेपनि तिनको उचित प्रचारप्रसार र प्रवर्द्धन हुन नसकेको बताउनुभयो। हिमाल आरोहणमा विदेशी पर्यटकलाई आकर्षित गर्न सके गण्डकी प्रदेशले ठूलो आर्थिक लाभ

बाँकी अन्तिम पृष्ठमा ▶▶

डढेलोबाट वनजंगल बचाऔं, पर्यावरण जोगाऔं:
◆ घाँस दाउरा गर्न वनजंगलमा जाँदा चुरोट, बिडी नखाऔं,
◆ वनभोजपछि चुल्होको आगो राम्ररी निभाऔं,
◆ खेतबारी, खरबारी र खर्कमा आगो नलगाऔं,
◆ मानव बस्ती वरिपरि अग्नि नियन्त्रण रेखा बनाऔं,
◆ स्थानीय प्रशासन, वन, स्थानीय तह, प्रहरी कार्यालय, रेडक्रससलगायत अन्य संघ-संस्थाको सम्पर्क नम्बर सुरक्षित राखौं,
◆ वनमा डढेलो लागेको देख्ने वित्तिकै नजिकैको प्रहरी, वन कार्यालय, स्थानीय प्रशासन र स्थानीय तहलाई खबर गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

## मुग्लिन पोखरा सडकको पूर्वी खण्डमा असारभित्रै सकिने

**रासस**
तनहुँ, ३० बैशाख


मुग्लिन पोखरा सडक विस्तारअन्तर्गत तनहुँको पूर्वी खण्डमा असार महिनाभित्रै कालोपत्र सक्ने तयारी साथ काम भइरहेको छ।

आँबुखैरेनीदेखि जामुनेसम्मको ४१ दशमलव ४५ किलोमिटर दूरीमध्ये अब करिब तीन किलोमिटर मात्रै कालोपत्र गर्न बाँकी रहेको मुग्लिन पोखरा सडक योजना (पूर्वी खण्ड) ले जनाएको छ।

यो खण्डको म्याद तेस्रो पटक थपिएकामा आगामी २९ गतेसम्म रहेकामा त्यसअवधिभित्रै काम सम्पन्न गरिने आयोजनाका इञ्जिनियर विष्णुप्रसाद पाण्डेले जानकारी दिनुभयो। पाण्डेका अनुसार व्यास नगरपालिकाको दमौली बजारको एक किलोमिटर ८०० मिटर, बन्दीपुर गाउँपालिकास्थित डुम्रे बजार नजिक ३०० मिटर र सोही गाउँपालिकाको विमलनगरमा ७०० मिटर खण्डमात्रै कालोपत्र गर्न बाँकी छ।

दमौली बजारअन्तर्गत बागबजार र मुख्यचोकमा एकतर्फी कालोपत्र भइसकेको छ। अर्कोतर्फ कालोपत्रका लागि पूर्वतयारीका काम जारी छ। त्यस क्षेत्रमा कालोपत्रका लागि काम भइरहेको छ। पूर्वी खण्डका कालोपत्र सकिएका ठाउँमा सडक मार्किङ गर्ने काम पनि भइरहेको छ। पाण्डले भन्नुभयो, "तेस्रो पटक थप भएको म्यादभित्रै बाँकी काम

बाँकी अन्तिम पृष्ठमा ▶▶



# लोमान्थाङ अन्तरराष्ट्रिय मिडिया समिटको टोली पोखरा हुँदै मुस्ताङमा

**पोखरापत्र संवाददाता**
पोखरा, ३० बैशाख

नेपाल प्रेस युनियनको आयोजनामा शुक्रबारदेखि जारी लोमान्थाङ अन्तरराष्ट्रिय मिडिया समिटअन्तर्गत सोमबार तेस्रो दिन अन्तरराष्ट्रिय सञ्चारमाध्यमका सञ्चारकर्मीसहितको टोली पोखरा हुँदै हिमाल पारीको जिल्ला मुस्ताङमा आइपुगेको छ ।

पोखराको अन्नपूर्ण केबलकारमार्फत फेवातालसहित पोखराको मनोरम दृश्य नियाल्दै यात्रा सुरु गरेको टोलीले कास्कीको अन्नपूर्ण गाउँपालिका र पर्वतको जलजला गाउँपालिकामा विभिन्न कार्यक्रम सञ्चालन गरेको हो । टोलीले म्याग्दीको प्रसिद्ध तीर्थस्थल गलेश्वरधाम, रुप्से झरनालगायत पर्यटकीय गन्तव्यको प्रवर्द्धनात्मक भ्रमण गर्दै मुस्ताङ आइपुगेको हो । यात्राका सहभागीलाई अन्नपूर्ण गाउँपालिकामा बाजागाजाका साथ



गाउँपालिकाका तर्फबाट स्वागत गरिएको थियो । सहभागीलाई स्वागत गर्दै अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष विष्णुबहादुर केसीले कृषि, पर्यटन र ऊर्जा क्षेत्रको विकास र प्रवर्द्धनलाई केन्द्रित गदै नागरिकलाई सुशासनसहितको सेवा प्रवाहमा पालिका संवेदनशील भएर काम गरिरहेको बताउनुभयो । गाउँपालिका उपाध्यक्ष चन्द्रकला अधिकारी र प्रमुख प्रशासकीय अधिकृत विष्णु पोखेलले गाउँपालिकाले गरिरहेको सेवा प्रवाह र विकास निर्माणका गतिविधिका बारेमा सहभागीलाई जानकारी गराउनुभएको थियो । पर्वतको जलजला गाउँपालिकामा नेपाल प्रेस युनियन पर्वतले आयोजना गरेको कार्यक्रममा गाउँपालिकाको कृषि, पर्यटनको सम्भावनाबारे पालिकाका सूचना प्रविधि अधिकृत सुदीप पौडेलले जानकारी गराउनुभयो ।

प्रमुख प्रशासकीय अधिकृत हरिकृष्ण आचार्यले ४१ प्रतिशत जमिन वनजङ्गलले ढाकेको जलजला गाउँपालिकाले न्यूनतम स्रोतसाधनमा पनि जडीबुटी, जमिन, जङ्गल र कृषिमा सम्भावना खोजिरहेको जानकारी दिनुभयो । दुवै कार्यक्रममा नेपाल प्रेस युनियनका अध्यक्ष शिव लम्सालले गाउँपालिकाको सम्भावनालाई सञ्चारमाध्यममार्फत उजागर गरिने विश्वास व्यक्त गर्नुभयो । ललितपुरको हिमालय होटेलमा औपचारिक उद्घाटन गर्दै राजधानीसहित पोखरामा विश्वका बदलिँदो परिवेशमा प्रविधिले निम्त्याएको अवसर र चुनौती तथा दक्षिण एसियामा सञ्चार क्षेत्रले भोग्नुपरेका समस्या, दक्षिण एसियाको पत्रकारिताको प्रभाव, प्रेस स्वतन्त्रता र नेपाली पत्रकारितालगायत विषयमा विभिन्न सत्रमा छलफल तथा अन्तरक्रिया गरिएको थियो ।

मङ्गलबार मुस्ताङको जोमसोममा जलवायु परिवर्तन र यसको प्रभाव, चुनौतीलगायत विषयमा सरोकार भएका निकायका प्रतिनिधिसँग छलफल तथा अन्तरक्रिया गर्दै लोमन्थाङ घोषणापत्र जारी गरिने नेपाल प्रेस युनियनले जनाएको छ ।

# मुस्ताङमा जलवायु परिवर्तनको असर : कम पानी पर्ने ठाउँमा भारी वर्षा

**पोखरापत्र संवाददाता**
गण्डकी, ३० बैशाख

नेपाल प्रेस युनियनद्वारा आयोजित 'लोमन्थाङ इन्टरनेशनल मिडिया समिट' अन्तर्गत आज जोमसोममा सम्पन्न 'जोमसोम क्लाइमेट वर्क्सप' कार्यक्रममा विगतमा कम पानी पर्ने जिल्लामा 'आरी घोप्टे' अर्थात् भारी वर्षा हुने गरेको भन्दै चिन्ता व्यक्त गरिएको छ ।

विश्वका बदलिँदो परिवेशमा प्रविधिले निम्त्याएको अवसर र चुनौती तथा दक्षिण एसियामा सञ्चार क्षेत्रले भोग्नुपरेका समस्या, दक्षिण एसियाको पत्रकारिताको प्रभाव, प्रेस स्वतन्त्रता र नेपाली पत्रकारितालगायत विषयमा छलफल गर्नेगरी युनियनले गरेको मिडिया समिटअन्तर्गतको जोमसोममा आयोजित कार्यक्रममा वक्ताहरूले जलवायु परिवर्तले पारिरहेको प्रभावका सम्बन्धमा विभिन्न भनाइ राख्नुभएको थियो । नेपाल पत्रकार महासङ्घ मुस्ताङका संस्थापक अध्यक्ष भीम रसाइलीले नेपालकै कम पानी पर्ने जिल्ला मुस्ताङमा पछिल्लो समयमा आरी घोप्टे वर्षा हुने गरेको र त्यसले कृषिलगायतका क्षेत्र प्रत्यक्ष प्रभावित भएको बताउनुभयो । जलवायु परिवर्तनले मुस्ताङको कृषि क्षेत्रमा प्रत्यक्ष असर पार्नुका साथै मौषमको प्रतिकूलतासँगै बाढी पहिरोलगायतका विभिन्न प्रकोप बेहोर्नुपरेको रसाइलीले बताउनुभयो ।

सुन्दर मुस्ताङलाई जलवायु परिवर्तनका कारण पर्ने असरबारे आजैदेखि ध्यान दिनु जरूरी रहेको बताउँदै उहाँले यहाँको धार्मिक महत्त्वको मुक्तिनाथ मन्दिर व्यवस्थालगायतलाई प्रभावकारी बनाउनु जरूरी भएको धारणा राख्नुभयो । जलवायु परिवर्तनकै कारण खानेपानी मुहान सुकेकै कारण गाउँलाई नै स्थानान्तरण गर्नुपरेको नेपाल पत्रकार महासङ्घका अध्यक्ष सुनदेवी रसाइलीले धारणा राख्नुभयो । "जलवायु परिवर्तनका कारण अभावमा मुस्ताङमा कृषिसँगै पशुपालनमा असर पारेको छ भने विभिन्न रोगब्याधि बढ्न थालेका छन्", उहाँले भन्नुभयो । जलवायु परिवर्तनकै असरका कारण मुस्ताङमा तीन वर्षयता हिउँ पर्नुपर्ने समयमा हिउँ नपर्दा समस्या निम्त्याएको स्थानीय शेरबहादुर गुरूङले बताउनुभयो । तापक्रममा आएको परिवर्तनकै कारण स्याउमा विभिन्न रोगहरू लाग्न थालेको बताउँदै उहाँले यसको प्रभाव न्यूनीकरणतर्फ बेलैमा ध्यान नदिए भयावह अवस्था आउने जिकिर गर्नुभयो । पछिल्ला समयमा अर्गानिक बस्तुहरू लोप हुँदा पनि समस्या पर्ने गरेको बताउँदै उहाँले तरकारी, फलफूललगायतमा पनि समस्या पर्ने गरेको उहाँको भनाइ छ । कृषि उत्पादनमा विषादीको बढ्दो प्रयोग पनि समस्याका रूपमा देखा परेको बताउँदै अर्का स्थानीय कृष्ण गौचनले हाम्रा सम्पदास्थलहरूो संरक्षण तथा विकासमा नाममा डोजरहरूको जथाभावी प्रयोगलाई रोक्नु अपरिहार्य भएको बताउनुभयो । तीन चार वर्ष पानी नपरेकै कारण स्याउ तथा अन्य कृषि उत्पादनमा समस्या परेको बताउँदै उहाँले बढ्दो बाढी पहिरो र कालीनदीको बर्सेनि कटान गम्भीर चुनौतीका रूपमा देखा परेको धारणा राख्नुभयो । कार्यक्रमका प्रमुख अतिथि एवं नेपाल पत्रकार महासङ्घका पूर्वकेन्द्रीय अध्यक्ष हरिहर वीरहीले जलवायु परिवर्तनको असर पर्नुमा हाम्रो केही दोष नभए पनि त्यसको प्रत्यक्ष असर भोग्नुपरेको बताउनुभयो । नेपाल प्रेस युनियनका अध्यक्ष शिव लम्सालले जलवायु परिवर्तनले विश्वमा नै प्रभाव पारिरहेका अवस्थामा मुस्ताङलाई लक्षित गरी कार्यक्रम गरिएको बताउनुभयो ।

गण्डकी प्रदेशसभा सदस्य विकल शेरचनले यस क्षेत्रमा जलवायु परिवर्तनले पारेको प्रभाव सम्बन्धमा यसअघि २०८० कात्तिक १ गते प्रधानमन्त्रीको उपस्थितिमा मुस्ताङमा जलवायु संवाद गरिएको बताउनुभयो ।

पछिल्ला समयमा कागबेनीमा आएको बाढीजस्ता धेरै जनवायु परिवर्तनजन्य समस्याको न्यूनीकरणका लागि सबैको सामूहिक प्रयास आवश्यक हुने उहाँले बताउनुभयो । घरपझोङ गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचनले काली गण्डकीमा पानीको बहाव बढ्दा निर्माण गरिएका तटबन्धहरू भत्कँदै जाँदा समस्या हुने गरेको बताउनुभयो । कृषिलगायतका धेरै क्षेत्र जलवायु परिवर्तनको असरमा प्रभावित भएको उहाँको भनाइ छ । मुस्ताङमा पर्यटकको आगमन बढिरहेका अवस्थामा बन्दै गरेका पूर्वाधारलाई समयमा नै सम्पन्न गर्नेतर्फ लाग्नुपर्नेमा जोड दिनुभयो । मुस्ताङका प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालले हिमालपारिको जिल्लाको नाम पाएको मुस्ताङ जलवायु परिवर्तनका असरका कारण कालापत्थरपारिको जिल्ला बन्छ की भन्ने चिन्ता बढाएको बताउनुभयो । युनियनका महासचिव दिलीप पौडेलले युनियनले लोकतन्त्र, प्रेस स्वतन्त्राका साथै जलवायु परिवर्तनको बढ्दो प्रभावलगायतका विषयमा छलफल गर्ने गरी लोमन्थाङ इन्टरनेशनल मिडिया समिट आयोजना गरेको बताउनुभयो ।

# सगरमाथा संवादमा १७५ विदेशी विशिष्ट पाहुना

**रासस**
काठमाडौं, ३० बैशाख

नेपाल सरकारले आगामी जेठ २ देखि ४ गतेसम्म काठमाडौंमा आयोजना गर्ने 'सगरमाथा संवाद'मा एक सय ७५ विदेशी पाहुना सहभागी हुने भएका छन् ।

परराष्ट्रमन्त्री तथा सगरमाथा संवाद व्यवस्थापन समितिका संयोजक डा आरजु राणा देउवाले संवादको तयारीका सम्बन्धमा आज यहाँ आयोजित पत्रकार सम्मेलनमा विदेशी पाहुनासहित करिब त्यतिकै सङ्ख्यामा नेपाली सहभागी हुने जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "संवादमा करिब ३५० जना सहभागी हुनुहुनेछ । बाह्र देशको उच्च तहको प्रतिनिधिमण्डल सहभागी हुने छ ।" पहिलो संस्करणको सगरमाथा संवादको मुख्य विषय 'जलवायु परिवर्तन, पर्वत र मानवताको भविष्य' रहेको छ । सगरमाथा संवाद नेपालले स्थापना गरेको एउटा अन्तरराष्ट्रिय मञ्च हो । मानव जगतका विभिन्न समस्या र मुद्दाबारे संवाद गर्ने, छलफल गर्ने तथा समाधानका लागि एउटा निष्कर्षमा पुग्ने यसको उद्देश्य रहेको छ । "संवादको तयारी अन्तिम चरणमा पुगेको छ । हामीले तयारीका विभिन्न चरण पार गरी यहाँसम्म आइपुगेका छौँ । हामीले १० वटा जति पूर्वसंवादलगायतका तयारी पूरा गरेका छौँ," मन्त्री डा राणाले भन्नुभयो । प्रधानमन्त्री केपी शर्मा ओलीबाट सम्बोधन हुने उक्त समारोहमा परराष्ट्रमन्त्री डा राणाले स्वागत मन्तव्य दिने कार्यक्रम छ । उक्त कार्यक्रममा संवादसम्बन्धी तयार पारिएको एक चिनारीयुक्त श्रव्यदृश्य सामग्री प्रस्तुत गरिने छ । भारत र चीनका तर्फबाट प्रतिनिधिमण्डलको नेतृत्व गरेर आउनुहुने विशिष्ट पाहुना र कोप-२९ का अध्यक्ष तथा अजरबैजानका राष्ट्रपतिका जलवायु विषयसम्बन्धी प्रतिनिधिले सम्बोधन गर्ने कार्यक्रम रहेको संवाद सचिवालयले जनाएको छ । कार्यक्रममा संवादलाई सम्बोधन गरी संयुक्त राष्ट्रसङ्घका महासचिवले पठाउनुभएको श्रव्यदृश्य सामग्री पनि प्रस्तुत गरिने छ । उद्घाट्नपछि १२ छुट्टाछुट्टै विषयमा कार्यक्रम सञ्चालन हुनेछन् । राजनीतिज्ञ, नीति निर्माता, विद्वान, विज्ञ एवं विषय ज्ञाता र अनुसन्धानकर्ताको गहन ढङ्गको छलफल एवं विचार आदानप्रदान तथा विश्लेषणका माध्यमबाट जलवायु परिवर्तन र पर्वतीय समस्या समाधान तथा संभावनामा जोड दिइने कार्यक्रम रहेको मन्त्री डा राणाले बताउनुभयो । सगरमाथा संवादमा विभिन्न मुलुकका साथै सार्क, बिम्स्टेक, विश्व बैङ्क, एसियाली विकास बैङ्कलगायत विकास सहायता संस्था, विश्वविद्यालय, अनुसन्धान तथा सोध केन्द्र, नागरिक समाज, गैरसरकारी संस्थालगायतबाट ६१ विदेशी तथा स्वदेशी संगठन एवं संस्थाले भाग लिनुहुनेछ । मन्त्री डा राणााले नेपाललाई तटस्थ, संवादप्रेमी कूटनीतिको नेतृत्वदायी भूमिकामा स्थापित गर्न सकिन्छ भन्ने दृढ विश्वास रहेको उल्लेख गर्दै विश्वव्यापी मुद्दामा नेपालको प्रतिबद्धतालाई उजागर गर्दै सहयोग र साझेदारी विकास गरी राष्ट्रिय आत्मविश्वास बढाएर नेपालको विश्वव्यापी छविलाई उचित रूपमा स्थापित गर्न सकिन्छ भन्ने मान्यता राखिएको बताउनुभयो ।

## मुग्लिन पोखरा ...

सम्पन्न गर्नेगरी कामलाई तीव्रता दिइएको छ ।"

पूर्वी खण्डमा विसं २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो । पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेसन कन्स्ट्रक्सनले पाएको छ । विसं २०२६ मा रेखाङ्कन भएको सडकमा सवारीको चाप बढ्दै गएपछि एसियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको हो । पूर्वी खण्डको ठेक्का रु छ अर्ब २१ करोड ३१ लाख १३ हजारमा लागेको छ ।

त्यस्तै पश्चिम खण्डअन्तर्गत जामुनेदेखि पोखरासम्मको खण्डको प्रगति ५२ प्रतिशत पुगेको छ । यो खण्डका लागि विसं २०७८ जेठ ३ गते सम्झौता भएको थियो । यो खण्डको ठेक्का एनहुई केयुएन हाइवे एन्ड ब्रिजले रु सात अर्ब ४० करोडमा पाएको थियो ।

## धवलागिरि ...

लिन सक्ने उहाँको भनाइ छ । नेपाल पर्यटन बोर्डका वरिष्ठ अधिकृत युवराज गुरूङले पर्यटन विकासमा सरोकार भएका सबै पक्षको सहकार्य जरूरी रहेको बताउनुभयो । "सरकार, निजी क्षेत्र र समुदाय मिलेर नै पर्यटन क्षेत्रलाई अगाडि बढाउन सकिन्छ, नेपाल पर्यटन बोर्ड अन्तर्राष्ट्रिय जगतमा देशलाई चिनाउन र प्रवर्द्धन गर्न लागिपरेको छ", उहाँले भन्नुभयो ।

गण्डकी प्रदेश सरकारको उद्योग तथा पर्यटन मन्त्रालयका सचिव इन्द्रप्रसाद बस्यालले गण्डकी प्रदेशमा साहसिक पर्यटनको प्रचुर सम्भावना रहेको बताउनुभयो । "प्रदेश सरकारले पर्यटनलाई सधैँ उच्च प्राथमिकतमा राख्दै आएको छ", उहाँले भन्नुभयो, "पर्यटन क्षेत्रको विकासमा सरकार र निजी क्षेत्रको सहकार्य जरूरी छ ।" 'टान' गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले गण्डकी प्रदेशमा पर्ने आठ हजार मिटरमाथिका धवलागिरि, अन्नपूर्ण र मनास्लु हिमाल आरोहण दिवसमा पर्यटन प्रवर्द्धनका कार्यक्रम गर्ने गरिएको बताउनुभयो । नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेश कार्यालयको प्रवर्द्धन र गण्डकी प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालयसँगको समन्वयमा ६५औँ धवलागिरि आरोहण दिवस मनाइएको उहाँले बताउनुभयो ।


## विषादीको सुरक्षित प्रयोग सम्बन्धी कृषक महानुभावहरुमा विशेष अनुरोध

- वालीहरुमा जथाभावि विषादी प्रयोग नगरौं, आफ्नो र वातावरणको ख्याल गरौं ।
- विषादीलाई केटाकेटीको पहुँचबाट टाढा राखौं साथै विषादीलाई खानेकुरा, जनावरको दाना राख्ने ठाउँभन्दा छुट्टै स्थानमा राखौं ।
- सकेसम्म जैविक विपदीको मात्र प्रयोग गरौं र रसायनिक विषादी प्रयोग गर्न परे को खण्डमा उक्त विषादीको बारेमा पूर्ण जानकारी लिएर मात्र प्रयोग गरौं ।
- विषादी प्रयोग गर्दा सुरक्षित पहिरनको (पञ्जा, मास्क, चश्मा, पूरा बाउला भएको सर्ट र पेन्ट, एप्रोन, बुट ईत्यादी ।) प्रयोग गर्ने गरौं र सम्भावित दुर्घटनाबाट बच्ने उपायबारे सजग रहौं ।
- विषादी प्रयोग गर्नु पूर्व त्यसको लेवल (रंग र संकेत) पढौं र बुझौं ।
- जिवनासक विषादी प्रयोग पश्चात प्रयोगकर्ताले राम्रोसँग नुहाई धुवाइ गर्ने, खाली विषादीको भाडाको सुरक्षित तवरले नष्ट गर्ने र फल टिप्नको लागि प्रतिक्षा अवधि र पुनः प्रयोग अवधिमा ध्यान दिने गरौं ।
- विषादी विष हो, औषधि होईन भन्ने कुरा ध्यानमा राखौं ।

**गण्डकी प्रदेश सरकार**
**पोखरा, नेपाल**


# सगरमाथा संवादमार्फत नेपालले भोगेका समस्याबारे विश्वको ध्यानाकर्षण गर्नेछौँ: वनमन्त्री शाही

**रासस**
काठमाडौं, ३० बैशाख

वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले सगरमाथा संवादमार्फत नेपालमा जलवायु परिवर्तनले गरेका असर र भोगेका समस्याबारे विश्वको ध्यानाकर्षण गरिने बताउनुभएको छ । नेपाल सरकारले आगामी जेठ २ देखि ४ गतेसम्म काठमाडौंमा सगरमाथा संवाद आयोजना गर्दैछ ।

साथसाथै संस्थाले हालै सोलुखुम्बुको थामेमा गरेको जलवायुसम्बन्धी कार्यक्रमको प्रतिवेदन बुझ्दै मंगलबार उहाँले संवादमा हिमालदेखि समुद्री टापुसम्म जलवायुका कारण उत्पन्न समस्याबारे साझा धारणा बनाएर अघि बढ्ने बताउनुभयो । मन्त्री शाहीले थामेमा बाढीबाट भएको क्षति र पछिल्लो वस्तुस्थितिबारे ध्यानाकर्षण गराउन स्थलगत कार्यक्रम गरेकामा धन्यवाद दिँदै सुझावलाई सगरमाथा संवादमा छलफलका लागि समावेश गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । त्यस अवसरमा साथसाथै संस्थाका अध्यक्ष प्रजिता कार्कीले थामे क्षेत्रमा जलवायुले गरेका असर तथा स्थानीयका अनुभवबारे जानकारी गराउनुभयो ।

साथसाथै न्यूज डटकमका प्रधानसम्पादक एवं अन्तरराष्ट्रिय पत्रकार महासङ्घका कार्यकारी सदस्य बद्री सिग्देलले नेपाल जस्तो हिमाली मुलुकमा जलवायु परिवर्तनले तुलनात्मक रूपमा बढी असर परेकाले जलवायुजन्य हानिको क्षतिपूर्तिका लागि अन्तरराष्ट्रिय मञ्चहरूमा प्रभावकारी रूपमा दाबी गर्नुपर्ने धारणा राख्नुभयो ।






फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। – गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# जलवायु संकटबारे मिडियाको सचेतना

'लोकतन्त्र, मिडिया स्वतन्त्रता र जलवायु संकट' सम्बन्धी विभिन्न ठोस प्रतिबद्धता र कार्यदिशासहित २० बुँदे घोषणापत्र जारी गर्दै 'लोमान्थाङ अन्तर्राष्ट्रिय मिडिया समिट' सकिएको छ। मुस्ताङको लोमान्थाङमा पुगेर अन्तर्राष्ट्रिय पत्रकार महासंघ (आईएफजे) प्रतिनिधिसहित नेपाल प्रेस युनियनका अध्यक्ष शिव लम्सालले २० बुँदे घोषणापत्र जारी गरको छन। लोकतन्त्र, मिडिया स्वतन्त्रता र जलवायु संकटबारे अब स्थानीय तहका सरकार, पत्रकार, नागरिक समाज, राजनीतिक दलका नेता, अन्तर्राष्ट्रिय प्रतिनिधि, श्रमिक संगठन, विकासकर्मी र मानव अधिकारकर्मी जाग्नुपर्ने बेला भएको निष्कर्ष निकालिएको छ।

जलवायु संकट अहिले विश्वको चुनौती हो। त्यसकारण राजनीतिक तहबाटै जलवायु संकटलाई प्रमुख मुद्दाको रूपमा लिन राजनीतिक दलहरूलाई आव्हान गरिएको छ । सम्मेलनमा भारत, भुटान, बंगलादेश, श्रीलंका, बुलगेरिया लगायत देशका पत्रकारको सहभागीता रहेको थियो । समिटिमा करिब एक सय १४० स्वदेशी तथा विदेशी पत्रकारको सहभागिता रहेको प्रेस युनियनका महासचिव दिलीप पौडेलले बताए। सम्मेलनमा लोकतन्त्र, प्रेस स्वतन्त्रता, डिजिटल प्रविधि, एआई र जलवायु संकटका विषयमा घनिभूत छलफल गरेर धारणा सार्वजनिक गरिएको छ। उपराष्टपतिले समुद्धाटन गरेको सम्मेलनमा विदेशी सञ्चारमा कार्यरत पत्रकारहरुले विश्वव्यापी रुपमा पत्रकारको सुरक्षामा देखिएको चुनौतीको विषयमा सामूहिक रुपमा काम गर्नुपर्ने धारणा राखेका थिए।

घोषणापत्रले लोकतन्त्रलाई विकासको अपरिहार्य आधार मानेर अभिव्यक्ति, प्रेस र सूचनाको अधिकारसम्बन्धी संवैधानिक प्रावधानहरूको कडाइका साथ कार्यान्वयन गर्न जोड दिएको छ। यसले लोकप्रियतावाद, अतिवाद, पुनर्स्थापनावादी शक्तिहरू र खराब शासनबाट लोकतन्त्रमा उत्पन्न खतराहरूलाई स्वीकार गर्दै राजनीतिक दल र नागरिक समाजलाई नागरिक स्थान सुदृढ गर्न र जनविश्वास कायम गर्न सहकार्य गर्न आह्वान गरेको छ। घोषणा पत्र सार्वजनिक कार्यक्रममा लोमन्थाङ गाउँपालिका अध्यक्ष टाँसी नोर्बु गुरुङले मुस्ताङको जलवायु परिवर्तनको मुद्दालाई समावेश गरेर छलफल गरेकोमा धन्यवाद दिए। सम्मेलनमा नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष हरिहर विरही, पूर्व अध्यक्ष तारानाथ दाहाल, धर्मेन्द्र झा, विपुल पोखरेल, खोज पत्रकारिता केन्द्रका सम्पादक किरण नेपाल, बरिष्ठ पत्रकार हरि बहादुर थापा, बाला अधिकारी, अन्तराष्ट्रिय पत्रकार महासंघकी उपाध्यक्ष सबिना इन्दरजित लगायतका प्यानलिष्टले छलफल गरेका थिए। काठमाडौंमा आयोजित लोकतन्त्र र प्रेससँग सम्बन्धि प्यानलमा पूर्व सञ्चार मन्त्री दिलेन्द्र बडु, पार्वत गुरुङ, रेखा शर्मा, राजनीतिक विश्लेषक डा.हरि शर्मा लगायतको सहभागिता रहेको थियो।

सम्मेलनले पत्रकारिता, राजनीतिक दल र नागरिक समाजबीच निरन्तर संवाद र सहकार्य प्रवर्द्धन गरी लोकतन्त्र र राजनीतिक प्रणालीमाथि जनविश्वास बलियो बनाउन जोड दिएको छ। प्रेस युनियनले आयोजना गरेको समिटको घोषणापत्रले प्रेस स्वतन्त्रतामाथिको बढ्दो खतरा, जस्तै आर्थिक कमजोरी, प्रतिबन्धात्मक कानुन प्रति चिन्ता व् गरिएको छासमिटले स्थानीय मिडिया पारिस्थिति प्रणाली सुदृढ गर्न, डिजिटल साक्षरता बढाउन र स्वतन्त्र प्रेसलाई समर्थन गर्ने कानुन र नीतिहरू प्रवर्द्धन गर्न आह्वान गरेको छ। घोषणा पत्रमा जलवायु संकटलाई क्षेत्रीय र विश्वव्यापी चुनौतीको रूपमा स्वीकार गर्दै यसले जीवन, जीविकोपार्जन र मानव अधिकार, विशेष गरी अभिव्यक्ति स्वतन्त्रता र सूचनामा पहुँचमा पारेको प्रभावलाई जोड दिएको छ। पर्यावरणमैत्री, समावेशी र दिगो विकास नीति, योजना र पूर्वाधारका लागि आह्वान गर्दै सञ्चार क्षेत्र, राजनीतिक नेतृत्व लगायत सबैले जलवायु कार्यलाई प्राथमिकता दिन आग्रह गरेको छ।

सूचित समाजले मात्र जलवायु संकटको प्रतिकार गर्न सक्ने भएकाले सूचनामा पहुँच र पारदर्शितालाई जोड दिइएको छ। घोषणापत्रले सांस्कृतिक र प्राकृतिक सम्पदाले समृद्ध मुस्ताङमा जलवायु परिवर्तनका कारण उत्पन्न विशिष्ट चुनौतीहरूलाई पनि उजागर गर्दै समस्या समाधानका लागि पहल गर्न आग्रह गरेको छ। सम्मेलनको अवसरमा मुस्ताङमा जलवायु परिवर्तनका गम्भीर प्रभावहरूबारे छलफल गरिएको थियो। नेपाल-चीनबीचको कोराला ट्रान्जिट प्रवेश बिन्दुको सहज सञ्चालन र कालीगण्डकी करिडोरको निर्माण पूरा गर्न संघीय सरकारको समेत ध्यानाकर्षण गरेको छ। यसैगरी, मुक्तिनाथ, दामोदर कुण्ड र कैलाश मानसरोवरबीच जडान स्थापना गरी सांस्कृतिक र धार्मिक पर्यटन प्रवर्द्धन गर्न पनि आह्वान गरेको छ। आफ्नो पेसागत सुरक्षाको साथै विश्वले सामना गर्नुपरेको जलवायु संकटको बारेमा सरकार , अन्तर्राष्ट्रिय समुदाय र स्थानीय समुदायलाई झक्झक्याउने काम पत्रकारिता क्षेत्रका संस्थाले गरेर आँखा देखाउने काम गरेका छन।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : झमेला बड्ने |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : शारीरिक झमेला | धनु | : आर्थिक समस्या |
| कर्कट | : मानसिक तनाब | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : शत्रुको भय | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# जिपिएका आधारमा विद्यार्थी भर्ना गर्दै सिटिइभिटी

रासस
चितवन, ३० बैशाख

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी)ले 'एसइई'मा प्राप्त गरेको 'जिपिए' अङ्कका आधारमा विद्यार्थी भर्ना गर्ने भएको छ । विगतमा प्रवेश परीक्षा लिएर सोही आधारमा विद्यार्थी भर्ना गरेकामा अबदेखि प्राप्त 'जिपिए'का आधारमा भर्ना गर्न लागेको हो।

सिटिइभिटीका परीक्षा नियन्त्रक उमेश मिश्रले यही शैक्षिकसत्रबाट जिपिएका आधारमा विद्यार्थी भर्ना गरिने जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "अब विद्यार्थीले सिटिइभिटीअन्तर्गतका जुनसुकै विषय पढ्न प्रवेश परीक्षा दिनु पर्दैन ।" प्रवेश परीक्षा लिइँदा विभिन्न नकारात्मक हल्ला फैलिएपछि जिपिएलाई आधार बनाएर विद्यार्थी भर्ना गर्न लागिएको उहाँले बताउनुभयो।

कतिपय पूर्वतयारी कक्षा चलाउनेहरूले विद्यार्थीलाई प्रवेश परीक्षा उत्तीर्ण गराउने जनाउँदै रकम लिएको गुनासोसमेत आएको जनाउँदै उहाँले अब यस्तो समस्या नहुने स्पष्ट पार्नुभयो । सिटिइभिटीले प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहमा प्रशिक्षार्थी छनोट, छात्रवृत्ति वितरण तथा भर्नासम्बन्धी निर्देशिका २०८२ तयार गरी कार्यान्वयनमा ल्याएको हो। उक्त निर्देशिकामा एसइई परीक्षामा प्राप्त जिपिएका आधारमा योग्यताक्रम सूची तय गर्ने व्यवस्था गरिएको छ।

उहाँका अनुसार सरकारी वा सामुदायिक विद्यालयबाट एसइई उत्तीर्णलाई थप अङ्कभारबापत एक र संस्थागत विद्यालयबाट उत्तीर्णलाई थप अङ्कभार वापत ०.८५ दिने व्यवस्था गरिएको छ ।सिटिइभिटीले पढ्न चाहने विद्यार्थीका लागि अनलाइनमार्फत फारम भर्ने व्यवस्थासमेत गरेको छ। आङ्गिक र सम्बन्धनप्राप्त निजी क्याम्पसहरूले त्यस्ता विद्यार्थीको फारम भर्न सहजीकरण गर्नेछन् । निजी कलेजहरूले यसअघि नै ग्रेडका आधारमा भर्ना गर्न माग गर्दै आएका थिए । देशभर ६३ आङ्गिक र प्रतिष्ठान एवं निजी गरी चार सयभन्दा बढी कलेज रहेका छन् । ती कलेजमा २५ हजारभन्दा बढी नयाँ विद्यार्थी हरेक वर्ष भर्ना हुने गरेको परीक्षा नियन्त्रक मिश्रले बताउनुभयो।

# महिला टी-ट्वान्टी क्रिकेटः नेपाल हङकङसँग पराजित

रासस
काठमाडौं, ३० बैशाख

आइसिसी महिला टी-ट्वान्टी विश्वकप एसिया क्वालिफायर क्रिकेटअन्तर्गत आज भएको खेलमा नेपाल हङकङसँग पराजित भएको छ।

थाइल्यान्डको बैंककस्थित एसियन इन्स्टिच्युट अफ टेक्नोलोजी मैदानमा भएको खेलमा हङकङले नेपाललाई सात विकेटले पराजित गरेको हो। नेपालले जितका लागि ३० रनको लक्ष्य दिएकामा हङकङले ४ दशमलव ३ ओभरमा ३ विकेटको क्षतीमा उक्त लक्ष्य पूरा गर्यो। वर्षाका कारण टसमा ढिलाइ भएपछि खेललाई पाँच ओभरमा झारिएको थियो । हङकङका लागि शान्जिन शहजादले अविजित १५ र मारिको हिलले ११ रन बनाइन् । बलिङतर्फ नेपालका लागि कविता कुँवरले दुई विकेट लिइन् । त्यसअघि टस हारेर पहिला ब्याटिङ गरेको नेपालले निर्धारित पाँच ओभरमा तीन विकेट गुमाउँदै २९ रन बनायो । नेपालका लागि सम्झना खड्काले १० रन बनाइन् । कप्तान इन्दु बर्माले ९ र रुबिना क्षेत्रीले चार, पूजा महतोले तीन र कविता कुँवरले दुई रन बनाइन् । बलिङतर्फ हङकङका लागि एलिसन सिउले तीन विकेट लिइन् । यसअघि नेपाल र हङकङबीचको पहिलो खेल वर्षाका कारण रद्द भएको थियो । नेपालले दोस्रो खेलमा बहराइनलाई ९ विकेटले हरायो।प्रतियोगितामा नेपालसहित आयोजक थाइल्यान्ड, भूटान, कुवेत, कतार, मलेसिया, हङकङ, बहराइन र युनाइटेड अरब इमिरेट्स (युएई) सहभागी छन्। नेपाल समूह 'सी' मा रहेको छ। नेपालको समूहमा बहराइन र हङकङ छ्न। समूह 'ए' मा भूटान, कुवेत र थाइल्यान्ड तथा समूह 'बी' मा मलेसिया, कतार र युएई छन्।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३ जनकल्याण श्रेष्ठ नागरिक केन्द्र निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः जनकल्याण श्रेष्ठ नागरिक सेवा केन्द्र
ठेगानाः पोखरा-१३
योजना शुरु हुने मितिः २०८१/०९/१२ गते
योजना सम्पन्न हुने मितिः २०८१/१२/१२ गते
योजनाको कुल लागतः रु.२३,५२,९४१।-
महानगरपालिकाबाटः रु. २०,००,०००।-
जनश्रमदानबाटः रु.३,५२,९४१।-
अध्यक्षः देवराज बराल
सचिवः गोविन्द प्रसाद आचार्य
निर्माण समिति सदस्य संख्याः ११०
महिलाः ४० , पुरुषः ७०

**जनकल्याण श्रेष्ठ नागरिक सेवा केन्द्र**
**उपभोक्ता समिति पोखरा-१३**


# लमजुङमा विद्युत् उत्पादन वृद्धि भएन

पोखरापत्र संवाददाता
लमजुङ, ३० बैशाख

बर्खा सुरु हुन लाग्दा पनि लमजुङमा विद्युत् उत्पादन वृद्धि हुन सकेको छैन । हिउँ नपग्लिनु, मर्स्याङ्दी नदी, दोर्दी, मिदिम, खुदी, स्याँगेलगायत खोलामा पर्याप्त पानी नहुँदा गत मङ्सिरदेखि घटेको विद्युत् उत्पादन वृद्धि हुन नसकेको हो।

जिल्लामा उत्पादन थालेको सबैभन्दा ठूलो लमजुङको बेँसीसहर नगरपालिका-१ दलालस्थित ७० मेगावाट क्षमताको मध्यमर्स्याङ्दी जलविद्युत् आयोजनामा गत मङ्सिरको सुरुआतदेखि उत्पादन घटेर २४ मेगावाटमा सीमित भएको थियो । अहिले केहीमात्रामा बढेर ३२ मेगावाटको हाराहारीमा विद्युत् उत्पादन हुन थालेको मध्यमर्स्याङ्दी जलविद्युत् आयोजना केन्द्रका प्रमुख पवन बस्नेतले बताउनुभयो । उहाँका अनुसार गत वर्ष यो समयमा ४०-५० मेगावाट विजुली उत्पादन हुने गरेको थियो । उहाँले भन्नुभयो, "विगतका वर्षमाभन्दा यस वर्ष ढिलो विद्युत् उत्पादन वृद्धि हुने अवस्था छ । हिउँ नपग्लिनु, नदीमा पानी नहुनुलगायत कारणले आयोजनालाई आवश्यक पानी नहुँदा विद्युत् उत्पदान पुरानो अवस्थामा फर्किन ढिलाइ भइरहेको छ । मध्यमर्स्याङ्दी आयोजना सन् २००८ मा निर्माण सम्पन्न भएको हो।" उक्त आयोजना रु २७ अर्ब २० करोडको लागतमा निर्माण सम्पन्न भएको थियो।

जिल्लामा पिपुल हाइड्रोपावर कम्पनीले निर्माण गरेको दोर्दी गाउँपालिका-६ ढोडेनीस्थित ५४ मेगावाट क्षमताको सुपरदोर्दी 'ख' आयोजनाबाट पनि विद्युत् उत्पादन बढ्न सकेको छैन। यस आयोजनाबाट हाल १४ मेगावाट मात्र बिजुली उत्पादन भइरहेको आयोजना कार्यालयले जनाएको छ । त्यस्तै, मर्स्याङ्दी गाउँपालिकास्थित भुलभुलेमा ५० मेगावाट क्षमताको माथिल्लो मर्स्याङ्दी 'ए' जलविद्युत् बाट अहिले ३०-३२ मेगावाटको हाराहारीमा मात्र विद्यूत् उत्पादन भइरहेको आयोजनाका इञ्जिनियर कर्ण अधिकारीले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "यस वर्ष विद्युत् उत्पादन घट्दा २५ मेगावाटको एउटा टरवाइन मात्र चलाएका थियौं, अहिले दुई वटा चलाएका छौं, तर नदीमा पर्याप्त पानी नभएकाले पूरै क्षमतामा चल्न सकेको छैन।" त्यस्तै, ३० मेगावाटको डादी जलविद्युत् आयोजना, दोर्दी करिडोरमा रहेको हिमालयन पावर पार्टनर लिमिटेड कम्पनीले निर्माण गरेको २७ मेगावाट क्षमताको दोर्दीखोला जलविद्युत्, दोर्दी गाउँपालिका-६ ढोडेनीमा लिवर्टी इनर्जी हाइड्रोपावरले निर्माण गरेको २५ मेगावाट क्षमताको माथिल्लो दोर्दी 'ए' आयोजना, चार दशमलव चार मेगावाटको राँधी, तीन मेगावाटको मिदिम करापु तथा दुई मेगावाटको छ्याङ्दी आयोजनाबाट बिजुली पूरै क्षमतामा सञ्चालन हुन सकेका छैनन् । जिल्लामा १७ आयोजनाबाट करिब तीन सय मेगावाट बिजुली उत्पादन हुने गरेकामा नदीमा पर्याप्त पानी नहुँदा सो हाराहारीमा बिजुली उत्पादन हुन नसकेको हो।

# गाजा दहमा थपिए पर्यटकीय पूर्वाधार

पोखरापत्र संवाददाता
बागलुङ, ३० बैशाख

बागलुङको गाजा दह समुन्द्री सतहबाट दुई हजार ५०० मिटरको उचाइमा अस्थित छ । धार्मिक रूपमा महत्त्वपूर्ण क्षेत्र मानिएको गाजा दहमा पछिल्लो समय पर्यटकीय पूर्वाधार थपिन थालेका छन्।

जैमिनी नगरपालिका-३ मा पर्ने गाजा दह बागलुङको गलकोट नगरपालिका, काठेखोला गाउँपालिका र बरेङ गाउँपालिकाको शिरमा पर्दछ। यहाँ जैमिनी नगरपालिका र स्थानीयको अगुवाइमा ताल संरक्षण, पूर्वाधार तथा सिद्ध बराहको मन्दिर निर्माणलगायत पूर्वाधार थपिँदै गएका हुन्।

अहिले मन्दिर निर्माणको चरणमा रहेको छभने गाजा दहलाई पृष्ठभूमिमा पारेर तस्बिर खिच्नेगरी झुलासहितको पूर्वाधार गत वर्ष निर्माण गरिएको जैमिनी नगरपालिकाले जनाएको छ । ताल वरपर परम्परागत शैलीमा ढुङ्गा छपाएर रेलिङसहितको पदमार्ग निर्माण गरिएको छ। गाजादहमा पूर्वाधार निर्माण गर्न महायज्ञ लगाएर सहयोग रकमसमेत सङ्कलन गरिएको जैमिनी-३ का वडाध्यक्ष कृष्णबहादुर भुजेलले जानकारी दिनुभयो। उहाँले प्रदेश र स्थानीय सरकारले पूर्वाधार निर्माणमा सामान्य सहयोग गरे पनि थप पूर्वाधार निर्माणका लागि महायज्ञमार्फत रु ७२ लाख सङ्कलन गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार अहिले दहभित्र २० फिटको सिद्ध बराहको मन्दिर निर्माण भइरहेको छ। स्थानीयको रु १० लाख र महायज्ञको रु १० लाख गरी रु २० लाखको लागतमा सिद्ध बराहको मन्दिर निर्माण थालिएको उहाँले बताउनुभयो।

"गत वर्ष रु तीन लाखको लागतमा नगरले दहमा दृश्यावलोकनस्थल निर्माण गरेको थियो । अहिले सिद्ध बराहको मन्दिर निर्माण थालिएको छ, पदमार्गसहित संरचना थपिएका छन्। पूर्वाधार थपिँदा शौन्दर्यकरणमा वृद्धि भएको छ, ताल संरक्षण मुख्य चुनौती हो", भुजेलले भन्नुभयो, "धार्मिक दृष्टिकोणले महत्त्वपूर्ण मानिएको यस दहमा आन्तरिक पर्यटकको आगमन वृद्धि भएको छ। अहिले गुराँसको वनभित्रको ताल मनमोहक देखिन्छ।"

गाजा दहमा सदरमुकाम बागलुङ बजारबाट २४ किलोमिटरको यात्रा पूरा गरेपछि पुग्न सकिन्छ। यहाँ रहेको सिद्ध बराहको थानमा जैमिनी, गलकोट, बागलुङ, काठेखोला र बरेङका बासिन्दा नियमित पूजा गर्छन्। गाजादहबाट धौलागिरि, अन्नपूर्ण, माछापुच्छ्रेलगायत एक दर्जन हिमशृङ्खला देख्न सकिने यहाँ पुग्नुभएका हिमाल सुवेदीले बताउनुभयो । उहाँले दह पुग्ने सडक थप स्तरोन्नति गर्नुपर्नेमा जोड दिनुभयो । सिँगानासम्म कालोपत्र सडक पुगे पनि त्यहाँबाट १४ किमी स्तरोन्नति हुन बाँकी छ। हरेक वर्ष सिद्धथानमा बैकुण्ठ चतुदर्शी तथा बाला चतुदर्शीमा परम्परागत मेला लाग्ने भएकाले दहको महत्त्व बढ्दै गएको वडाध्यक्ष भुजेलले उल्लेख गर्नुभयो।

"यहाँ बाला चतुदर्शीमा सतबिज छर्नेको घुइँचो लाग्ने गर्दछ। चिसो हावापानीमा गाजा दहको काखमा बसेर घरबासको स्वादिष्ट परिकार खान पाउने व्यवस्था मिलाइएको छ । गण्डकी प्रदेश सरकारले दहलाई एक सय पर्यटकीय गन्तव्यको सूचीमा राखेको छ", उहाँले भन्नुभयो। महायज्ञमा सङ्कलन भएको रकम पर्यटकीय पूर्वाधार निर्माणमा खर्च गरिने जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले बताउनुभयो । उहाँले दहको प्रचारप्रसार र प्रवर्द्धनमा पालिकाले सघाउँदै आएको उल्लेख गर्नुभयो । धार्मिक आस्थाको केन्द्रका रूपमा रहेको दहको समग्र विकासका लागि पालिकाले गुरुयोजना बनाउने उहाँले जानकारी दिनुभयो।

प्रचारप्रसार र पूर्वाधारको अभावले ओझेलमा परेको गाजा दहलाई संरक्षण र प्रवर्द्धन गर्न यहाँका स्थानीय अग्रसर भएपछि पूर्वाधार निर्माणले गति लिन थालेको हो । दहको धार्मिक र ऐतिहासिक पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने, संरक्षण गर्दै ताल परिसरमा सिद्ध बराह भगवान्‌को पूर्णकदको मूर्ति निर्माण गर्नेलगायत उद्देश्य बनाइएको छ।

# प्रदेश अस्पताल दमौलीमा विशेषज्ञ चिकित्सक नहुँदा प्रसूति सेवा प्रभावित

पोखरापत्र संवाददाता
तनहुँ, ३० बैशाख

प्रदेश अस्पताल दमौलीमा चिकित्सक नहुँदा प्रसूति सेवा प्रभावित भएको छ। अस्पतालमा शल्यक्रिया सेवा प्रभावित हुँदा गर्भवतीलाई पोखरा, चितवन वा काठमाडौं पुर्‍याउनुपर्ने रेफर गर्नुपर्ने बाध्यता रहेको छ।

स्त्रीरोग विशेषज्ञ नहुँदा शल्यक्रियासहितको विशेषज्ञ सेवा साढे दुई महिनाअघिदेखि प्रभावित भएको प्रदेश अस्पताल दमौलीका मेडिकल सुपरिटेन्डेन्ट डा परिवर्तन बरालले जानकारी दिनुभयो । अस्पतालमा सामान्य अवस्थाका सुत्केरी सेवा सञ्चालनमा रहे पनि शल्यक्रिया (अप्रेशन) गर्नुपर्ने महिलालाई रेफर पठाउनुपर्ने बाध्यता रहेको उहाँले बताउनुभयो।

गाइनोलोजिष्ट कुमार विष्ट सरुवा भएर भक्तपुरस्थित क्यान्सर अस्पताल जानुभएपछि विशेषज्ञ सेवा प्रभावित भएको डा बराल बताउनुभयो । उहाँले भन्नुभयो, "गाइनोलोजिष्ट नहुँदा सेवा प्रभावित भएको सम्बन्धित निकायमा जानकारी गराएको छु, तर सुनुवाइ हुन सकिरहेको छैन।" अस्पतालमा 'सजर्न' नहुँदा दैनिक कम्तीमा एक जनालाई बाहिर पठाउनु बाध्यता छ । आवश्यकताका लागि विज्ञापन प्रकाशित गरे आवेदन नपरेको डा बरालले बताउनुभयो।

# मालिकाधुरी यात्रा सहज बन्यो

पोखरापत्र संवाददाता
म्याग्दी, ३० बैशाख

सडक, यातायातको सुविधासँगै म्याग्दीको मालिका र रघुगङ्गा गाउँपालिकाको सिमानास्थित मालिका जाने भक्तजन र पर्यटकलाई आवागमन सहज भएको छ।

मालिका-७ बिम नागीथला र रघुगङ्गा-६ ठाडाखानीबाट देउरालीसम्म सवारीसाधन सञ्चालन हुन थालेपछि मालिकाधुरीमा पूजाआजा र दृश्यावलोकन गर्न जानेहरूलाई सहज भएको हो।

समुन्द्री सतहबाट तीन हजार ३०० मिटरको उचाइमा रहेको मालिकामा हरेक वर्ष चण्डी (वैशाख पूर्णिमा), भाइटीका र बालाचर्तुदर्शीका दिन धार्मिक मेला लाग्ने गर्दछ । सडक र यातायातको सुविधाका कारण भक्तजनको आगमन बढेको मालिका क्षेत्र संरक्षण समितिका अध्यक्ष छकप्रसाद पाइजाले बताउनुभयो । "मालिकामा पूजाआजा, दर्शन र दृश्यावलोकन गर्न आउनेहरू अब पहिला यहाँ पुगेर टहरा, ओडारमा बास बस्नु पर्दैन", उहाँले भन्नुभयो, "बिहान घरबाट गाडी चढेर आएका भक्तजन मालिकामा पूजा गरेर दिउँसै घर पुग्न सक्ने अवस्था बनेको छ।" सोमबार बिहानदेखि दिउँसो २ बजेसम्म चार हजार ५०० भन्दा बढी भक्तजनले मालिकामा पूजा गरेका अध्यक्ष पाइजाले जानकारी दिनुभयो।



उहाँका अनुसार यहाँ म्याग्दीको साथै पर्वत र बागलुङ जिल्लाबाट भक्तजनहरू बढी आउने गर्दछन् । यसअघि मालिका दर्शनका लागि भक्तजनहरू अघिल्लो दिन नजिकै गएर जङ्गलको ओडार र टहरामा बास बस्ने गर्दथे।

दुई वर्षअघि मालिका दर्शनका लागि दुई दिन लगाएर पुग्नुभएकी बेनीकी सानु शर्माले यसपालीको चण्डी पूर्णिमामा बिहान ६ बजे बेनीबाट गएर दिउँसो ३ बजे पुनः बेनी फर्किएको बताउनुभयो। मालिका गाउँपालिकाको बिमतर्फबाट नागीथलासम्म पहुँच विस्तार भएको सडकबाट ३० मिनेट पैदलयात्रा गरेपछि मालिकाधुरीमा पुगिन्छ। रघुगङ्गा गाउँपालिकाको ठाडाखानीतर्फबाट देउरालीसम्म सवारीसाधनमार्फत र त्यसपछि ४० मिनेट पैदलयात्रा गरेपछि मालिकाधुरीमा पुगिन्छ।

यहाँबाट २० भन्दा बढी हिमशृङ्खला, सूर्योदय, म्याग्दीका ३५ भन्दा बढी गाउँ, लालीगुराँस, वन्यजन्तु, पशुपक्षीको अवलोकन गर्नुका साथै मालिकाधुरीमा पूवा गरे मनोकाङ्क्षा पूरा हुने धार्मिक विश्वास रहिआएको मालिका क्षेत्र विकास समितिका सचिव ओमकार रोकाले जानकारी दिनुभयो।

यी विशेषताका कारण यस क्षेत्रको धार्मिक महत्त्व रहेकाले आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा मालिकाधुरी पर्ने गरेको उहाँले बताउनुभयो । "मालिकाधुरीमामालिका,कालिकार जाल्पादेवीको मूर्ति छ। मालिका थानमा भाकल पूरा भएमा बोका र परेवाको बलि चढाउने चलन छ। विसं १९१० देखि मालिकामा पूजाआजा हुन थालेको इतिहास छ", सचिव रोकाले भन्नुभयो।

चण्डी पूर्णिमामा आएका भक्तजनहरूबाट रु ९० हजार भेटी सङ्कलन भएको जनाउँदै सबै खर्च कटाएर रु ६७ हजार बचत भएको समितिका अध्यक्ष पाइजाले जानकारी दिनुभयो।

उहाँका अनुसार मालिकाधुरीमा रघुगङ्गा-६ पाखापानीका भक्तीप्रसाद पाइजाले व्यक्तिगत लगानीमा शिव र जालपाको मन्दिर निर्माण गर्नुभएको छ। मन्दिर निर्माणमा पाइजाले करिब रु ३४ लाख खर्चनुभएको उहाँले उल्लेख गर्नुभयो।

# पर्वतको फलेबासमा 'आमा-बा स्वास्थ्य कार्यक्रम' सुरु

पोखरापत्र संवाददाता
पर्वत, ३० बैशाख

पर्वतको फलेवास नगरपालिकामा आमा-बा स्वास्थ्य कार्यक्रम सञ्चालन गरिएको छ। ग्रामीण क्षेत्रमा रहेका ज्येष्ठ नागरिक, वृद्धवृद्धाको नियमित स्वास्थ्य परीक्षण गर्ने, विभिन्न रोगको सङ्क्रमणबाट बचाउने उद्देश्यले उक्त कार्यक्रम सञ्चालन गरिएको हो।



वृद्धवृद्धाहरूको रक्तचाप, मधुमेह, मुटु, मृगौला रोगको परीक्षण, रगत, दिसा, पिसाव, खकारलगायत जाँच, पोषण अवस्थाको लेखाजोखा, अन्य रोगको उपचार, परामर्श तथा सल्लाह दिनुका साथै गम्भीर स्वास्थ्य अवस्था देखिएकालाई उपचारका लागि अस्पताल पठाउन यो कार्यक्रम सञ्चालन गरिएको नगरपालिकाले जनाएको छ। गत शुक्रबारदेखि वडा नं १ कार्कीनेटबाट सुरुआत भएको कार्यक्रम ११ वटै वडामा सञ्चालन हुने नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख रुद्र सापकोटाले जानकारी दिनुभयो । चिकित्सकसहित स्वास्थ्यकर्मी नगरका सबै घरमा पुग्ने भएका छन्। उहाँका अनुसार वृद्धवृद्धाको नियमित स्वास्थ्य परीक्षण, दीर्घकालीन रोगीले उपचार तथा निदानका विकल्पसम्बन्धी परामर्श दिँदै औषधिको मात्रा, उपभोग्य मिति, उपभोग गर्ने समयलगायत जानकारी गराइने छ।

"पछिल्लो समय गाउँमा युवापुस्ता शून्यप्रायः छन् । गाउँमा वृद्धवृद्धाहरू मात्र रहेको अवस्थामा उहाँहरूलाई सामान्यदेखि जटिल रोग लागेमा पनि अस्पतालसम्म पुगेर उपचार सेवा लिन सक्नुहुँदैन । जसका कारण लामो समयदेखि विभिन्न रोगले सङ्क्रमित भएर बसिरहनुपर्ने अवस्थाको अन्त्यका लागि चालु आर्थिक वर्षदेखि आमा-बा स्वास्थ्य कार्यक्रम सञ्चालन गरिएको हो", सापकोटाले भन्नुभयो । उहाँका अनुसार कार्किनेटाबाट सुरु भएको अभियान थापाठाना, शङ्करपोखरी, मुडिकुवा, खानीगाउँ, देविस्थान, लिमिठाना, ठानामौला, भँगरा, कुर्घा र पाङ्राङमा पुगेर टुङ्गिने भएको छ।

हरेक छ/छ महिनामा नियमित स्वास्थ्य परीक्षणका लागि यो अभियान थालिने नगरप्रमुख गङ्गाधर तिवारीले जानकारी दिनुभयो । उहाँका अनुसार ज्येष्ठ नागरिकसँगै ३० वर्षभन्दा माथिका सबै नागरिकको स्वास्थ्य परीक्षण गरिनेछ।उपचारकाक्रममानिःशुल्क औषधिसमेतवितरणगरिनुकासाथै जटिल रोग लागेका बिरामीलाई नगरपालिकाकै एम्बुलेन्समार्फत अस्पतालसम्म पुऱ्याउने व्यवस्थासमेत गरिने नगप्रमुख तिवारीले बताउनुभयो। आर्थिक अभावका साथै अस्पतालसम्म लैजान आफन्तको अभावमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका वा अन्य असहाय नागरिकले अकालमा ज्यान गुमाउन नपरोस् भन्ने नगरपालिकाको मुख्य उद्देश्य रहेको उहाँको भनाइ छ। यो कार्यक्रममार्फत नगरका १० हजारभन्दा बढीको स्वास्थ्य परीक्षण गर्ने लक्ष्य रहेको उहाँले जानकारी दिनुभयो।

"नगरपालिका भए पनि अधिकांश ग्रामीण बस्ती रहेको फलेबासमा गुणस्तरीय स्वास्थ्य सेवाको अभाव भएकाले नियमित परीक्षणको दायरामा सबैलाई ल्याउन अभियान सञ्चालन गरेका हौँ", नगरप्रमुख तिवारीले भन्नुभयो । नगरका अधिकांश वडामा रहेका स्वास्थ्य चौकीमा अहेबका भरमा सञ्चालित छन्। सरकारले निःशुल्क ९८ प्रकारका औषधि वितरण गर्ने भनिए पनि ४० प्रकारका औषधिमात्र स्वास्थ्य संस्थामार्फत वितरण हुने गरेको स्वास्थ्यकर्मीहरूले बताएका छन्।वडाबाटप्रभावकारी स्वास्थ्य सेवा प्रवाह नभइरहेका बेला चिकित्सकसहितको टोली घरघर र टोलटोलमा पुगेर ज्येष्ठ नागरिकसहित ३० वर्षमाथिका सबैको स्वास्थ्य परीक्षण गर्ने कार्यक्रमले नगरवासीलाई स्वास्थ राख्न मद्दत पुग्ने फलेवास-८ ठानामौलाका वडाध्यक्ष मनबहादुर कुँवरले बताउनुभयो।

# पर्वतका उत्कृष्ट उद्यमी सम्मानित

पोखरापत्र संवाददाता
पर्वत, ३० बैशाख

जिल्लको जलजला गाउँपालिकामा विभिन्न उद्यम व्यवसायमा संलग्न उत्कृष्ट ४० जना उद्यमीलाई सम्मान गरिएको छ। गण्डकी प्रदेश सरकारको उद्योग तथा पर्यटन मन्त्रालय, जलजला गाउँपालिका र दायित्व संस्थाको सहकार्यमा सञ्चालित वृद्धिमुखी उद्यमशीलता र रोजगारी प्रवर्द्धन कार्यक्रमअन्तर्गत पालिकाभित्रका उत्कृष्ट उद्यमीलाई सम्मान गरिएको हो।

उद्यमशीलताको विकास गरी रोजगारी सिर्जना र आत्मनिर्भर बनाउने उद्देश्यले सञ्चालित कार्यक्रमअन्तर्गत पहिलो चरणमा पालिकामा सम्भाव्यता अध्ययन र उद्यमीलाई आवेदन आह्वान गरेर तथ्याङ्क सङ्कलन गरिएको थियो । जलजलाका नौवटै वडाबाट एक सय ५४ जना उद्यमीले आवेदन दिएकामध्ये उद्यमीको उद्देश्य, सोच, वित्तिय अवस्था, नवप्रवर्द्धन, उद्यमको वर्तमान अवस्था, व्यावसायिक योजना, बजारको अवस्था, उद्यमीको सामाजिक प्रभावलगायत सूचकका आधारमा ४० जना उद्यमी छनोट गरी सम्मान गरिएको कार्यक्रमका प्रदेश संयोजक जुनतारा बुढामगरले जानकारी दिनुभयो।

गाउँपालिकामा आयोजित कार्यक्रममा गाउँपालिका अध्यक्ष राजुप्रसाद आचार्य, उपाध्यक्ष दीपक आचार्य, प्रमुख प्रशासकीय अधिकृत हरिकृष्ण आचार्य, लेखा अधिकृत फणिन्द्रप्रसाद आचार्यलगायतले उत्कृष्ट जलजला उद्यमीका रूपमा कृषि, पशुपालन, खाद्य प्रशोधन, स्थानीय कच्चा पदार्थमा आधारित उद्योग सञ्चालन गरिरहेका उद्यमीलाई सम्मान गर्नुभएको थियो । छनोट भएका उद्यमीलाई व्यावसायिक योजनासम्बन्धी तालिम, व्यावसायिक योजनाका आधारमा उत्कृष्ट २० छनोट गरिने कार्यक्रमका स्थलगत अधिकृत भगवती पुनले जानकारी दिनुभयो। उहाँका अनुसार उत्कृष्ट २० जनामा छनोट हुने उद्यमीलाई जनही रु २५ हजारका दरले पुरक अनुदान उपलब्ध गराइने छ।
त्यसैगरी उत्कृष्ट १० मा छनोट हुने उद्यमीलाई उद्यम प्रवर्द्धनका लागि ५० प्रतिशत साझेदारी रहनेगरी जनही नगद रु एक लाख ५० हजारका दरले पूरक अनुदान दिइने जनाइएको छ । पालिकाभरबाट सर्वोकृष्ट हुने एक जना उद्यमीलाई उद्यमशीलता विस्तारका लागि थप रु एक लाख ५० हजारको दरले पुरक अनुदान उपलब्ध गराउने व्यवस्था गरिएको छ।

जलजलामा प्रदेश सरकारको रु ४० लाख, पालिकाको रु २० लाख र र दायित्व संस्थाको रु १५ लाख बजेटबाट सञ्चालित यस कार्यक्रमले उद्यम प्रवर्द्धन र रोजगारी सिर्जनमा टेवा पुऱ्याउने अपेक्षा गरिएको गाउँपालिका अध्यक्ष आचार्यले बताउनुभयो । उहाँले उद्यमीलाई व्यावसायिक योजना बनाएर उत्पादन बढाउन र व्यावसायिक क्षेत्र विस्तारमा सघाउन कार्यक्रमले सहयोग पुग्ने बताउँदै कार्यक्रमअन्तर्गत प्रदान गरिने पूरक अनुदानले उद्यमीको क्षमता विस्तारमा सहयोग पुग्ने उल्लेख गर्नुभयो । कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष आचार्यले कार्यक्रमअन्तर्गत उद्यमीले पेस गरेको विवरणका आधारमा उत्कृष्ट उद्यमी छनोट गरिएको बताउँदै छुटेका उद्यमीलाई राष्ट्रपति महिला सुधार कार्यक्रमलगायतबाट सम्बोधन गरिने उल्लेख गर्नुभयो।

गण्डकी प्रदेश सरकारको उद्योग तथा पर्यटन मन्त्रालय र दायित्व संस्था तथा सम्बन्धित पालिकाको सहकार्यमा जलजलासँगै बागलुङको बडीगाड गाउँपालिका, गोरखाको सिरानचोक गाउँपालिका, तनहुँको म्याग्दे गाउँपालिका, नवलपुरको हुक्सेकोट गाउँपालिकामा बृद्धिमुखी उद्यमशीलता र रोजगारी प्रवर्द्धन कार्यक्रम लागू गरिएको छ।

# नेप्टेचौर-काउरा-गिठिनी-पात्लेखेत सडक ट्र्याक खुलेको १५ वर्षपछि स्तरोन्नति

रासस
म्याग्दी, ३० बैशाख

बेनी नगरपालिका-९ नेप्टेचौरबाट काउरा-गिठीनी-आखेत हुँदै वडा नं १० पात्लेखेत जोड्ने सडक ट्र्याक खुलेको १५ वर्षपछि स्तरोन्नति भएको छ।

बेनी-पाखापानी सडकको नेप्टेचौर-पात्लेखेत खण्डको वैकल्पिक छोटो दूरीको २०६७/६८ सालमा ट्र्याक खुलेको यो सडक सामान्य मर्मत गरेर यातायात सञ्चालन हुँदै आएको थियो। बेनी-पाखापानी म्याग्दीको प्राथमिकताप्राप्त र रणनीतिक महत्वको सडक योजना हो । चालु आर्थिक वर्ष २०८१/८२ मा बेनी नगरपालिकाले सञ्चालन गरेको बेनी-अर्थुङ्गे- तोरीपानी-पाखापानी सडक योजनामार्फत प्रवेशविन्दु, रातोपहिरो, नेप्टेचौर, काउरा, आरते, गिठीनी र आखेत क्षेत्रको अप्ठ्यारो गाउँमा सडक फराकिलो पार्ने, ग्याबियन पर्खाल, नाली र ढलान गरेर स्तरोन्नति भएको हो।

सडक स्तरोन्नति भएपछि यात्रा सहज भएको बेनी नगरपालिका-९ काउराका विनोद चोखालले बताउनुभयो । "नेप्टेचौरबाट तोरीपानी-ओखले-पात्लेखेत हुदै झिँ जोड्ने मूलसडक घुमाउँरो भएपछि १५ वर्षअघि छोटो दूरीको वैकल्पिक सडक निर्माण भए पनि प्राथमिकतामा परेको थिएन", उहाँले भन्नुभयो, "स्तरोन्नति भएको ठाउँमा यसअघि साँघुरो सडक थियो । ग्रेड तथा घुम्ती मिलेको थिएन।"

ढलान गरेपछि सडकमा यात्रा गर्न सहज भएको चोखालले बताउनुभयो । बेनी नगरपालिकाको प्राविधिक शाखाका प्राविधिक मिलन केसीका अनुसार विभिन्न ठाउँमा नौ सय आठ मिटर सडकलाई भित्ता काट्ने, पहिरो पन्छाएर फराकिलो पार्ने, टेवा पर्खाल, नाली निर्माण र ढलान भएको छ। रु तीन करोड बजेट विनियोजन भएको योजना कार्यान्वयन गर्न २०८१ पुस १९ गते रु दुई करोड नौ लाखमा विकेश-दुप्चेश्वर-शुभम् जेभीले ठेक्का सम्झौता गरेको थियो । २०८२ असार २५ गतेसम्म ठेक्काको म्याद भएको योजना तीन महिनाअघि नै सम्पन्न भएको हो।

निर्माण कम्पनीका सञ्चालक सुवासचन्द्र कार्कीले सम्झौतालगत्तै पर्याप्त मजदुर र उपकरण परिचालन तथा निर्माण सामग्री व्यवस्थापन गरेर लक्ष्यअघि नै योजना निर्माण गरेको बताउनुभयो । बजेट अभाव, आर्थिक सङ्कट, निर्माण सामग्रीको मूल्यवृद्धि, सामाजिकलगायत समस्या देखाएर धेरै आयोजनामा ढिलासुस्ती भइरहेको छ।

पहिलो चरणको ठेक्काबाट बचेको रु २० लाख बजेट बराबरको थप काम गर्न अर्को ठेक्का लगाएर काम थालिएको बेनी नगरपालिकाका उपप्रमुख ज्योति लामिछानेले बताउनुभयो। आव २०८१/८२ मा बेनी नगरपालिकाले सबैभन्दा धेरै बजेट यही योजनामा विनियोजन गरेको थियो। बेनी-पाखापानी सडकको बेनीबाट अर्थुङ्गे हुँदै किराखोरसम्म नगरपालिकामार्फत करिब छ किलोमिटर ढलान र कालोपत्र भएको छ। किराखोरबाट नेप्टचौर हुँदै तोरीपानीको गलेश्वर माविसम्मको चार किलोमिटर सडक स्तरोन्नतिका लागि प्रदेश सरकारको बजेटमा पूर्वाधार विकासका कार्यालयले गत वर्षदेखि आयोजना सञ्चालन गरेको छ । प्रदेश सरकारले मुख्य सडक स्तरोन्नति गर्ने आयोजना सञ्चालन गरेकाले नगरपालिकाले वैकल्पिक सडक स्तरोन्नतिको काम थालेको नगरप्रमुख सुरत केसीले बताउनुभयो।

# कक्षा १२ को परीक्षा दिँदै ६८ वर्षीय लालबहादुर

प्रतिक्षा आले
गोरखा, ३० बैशाख /रासस



शिरमा ढाका टोपी, निलो सुट र घाँटीमा भवानी माध्यमिक विद्यालयको टाइ । यहाँको पालुङटार नगरपालिका-६ का ६८ वर्षीय लालबहादुर विक अमरज्योति जनता मावि लुइँटेल परीक्षा केन्द्रमा पुग्दा सुरुमा कतिपय झुक्किए, शिक्षक हुन् कि परीक्षार्थी भनेर।

तर उहाँ हाल सञ्चालन भइरहेको कक्षा १२ को परीक्षार्थी हुनुहुन्छ । यहाँस्थित भवानी माविबाट शिक्षा सङ्कायमा अध्ययनरत उहाँ हाल अमरज्योति जनता मावि परीक्षा केन्द्रबाट परीक्षा दिइरहनुभएको छ। कक्षा ११ को वार्षिक परीक्षामा उत्कृष्ट १० परीक्षार्थी भित्र पर्नुभएका विकलाई कक्षा १२ पनि सजिलै उत्तीर्ण गर्छु भन्ने आत्मविश्वास छ । "अङ्ग्रेजी विषयमा चाहिँ एक दुई वटा वटा प्रश्नका उत्तर लेख्न सकिँन, तर फेलै चाहिँ भइन्न होला", उहाँले भन्नुभयो, "अब बाँकी विषय त सजिलै छन् । आफ्नै शैलीमा लेख्न सक्छु।"

उहाँ २०५५ सालमा नेपाल प्रहरीको सहायक निरीक्षकबाट सेवानिवृत्त हुनुभएको हो। कक्षा ७ पढ्दापढ्दै २०३५ सालमा प्रहरीमा भर्ती हुनुभएका उहाँले २०४२ सालमा तनहुँको आँबुखैरेनी गाउँपालिकास्थित रामशाह माविबाट 'प्राइभेट'तर्फ एसएलसी दिनुभएको थियो । "त्यतिबेला प्राइभेट टेस्ट दिन पाइन्थ्यो । टेस्टमा पास गऱ्यो भने जति कक्षा पढेकाले पनि एसएलसी दिन पाउँथे। मैले पनि त्यसरी नै टेस्ट दिएर एसएलसी दिएको हो", उहाँले भन्नुभयो। तर त्यतिबेला जागिर खाँदै पढ्ने कुरा सजिलो थिएन। एसएलसी दिने बेला पनि 'सिनियर कमान्डर'हरूले नपढोस् भनेर धेरै काम लगाउने गरेको उहाँ सुनाउनुहुन्छ । "दलितको छोरो पढेर हामीभन्दा ठूलो हुने भयो भनेर सिनियरहरूले खुबै पेल्थे। तर जसोतसो एसएलसी दिएँ । तेस्रो श्रेणीमा उत्तीर्ण पनि भएँ", उहाँले भन्नुभयो, ' पहिला गाउँकै स्कुल पढ्न पनि पैसा लाग्थ्यो। हामी चार भाई, एक बहिनी थियौँ । आर्थिक अभावका कारण पढाइ छोड्नु पऱ्यो। तर, मनबाट शिक्षाको भोक हराएन।"

उहाँ पढाइलाई निरन्तरता दिन चाहनुहुन्थ्यो । तर, घर व्यवहार र आर्थिक अभावका कारण निरन्तरता दिन सक्नुभएन । "छोराछोरी जन्मिसकेका थिए । आफ्नो रहरमात्र हेरेर भएन। घर व्यवहार पनि चलाउनु पऱ्यो", विगत सम्झँदै विकले भन्नुभयो, "पेन्सन आएपछि पनि पढ्ने अनुकूलता मिलेन । अहिले छोराछोरीहरू सबै हुर्किए । बिहेबारी भइसक्यो। अब पढ्नलाई सहज छ। त्यसैले फेरि कक्षा ११ मा भर्ना गरेर पढ्न थालेको हुँ।" कक्षा १२ पछि स्नातकमा कानुन विषय लिएर पढ्ने इच्छा उहाँको छ।

"पहिलेदेखि कानुन पढ्न मन थियो। अब कक्षा १२ पास गरेपछि कानुन पढ्छु । मलाई कानुन पढेर जागिर गरौँला भन्ने छैन। ढिलै भए पनि यति कक्षासम्म पढेको छु भनेर गर्व गर्न पाइयोस्।" चार छोरा, एक छोरी र श्रीमतीसहितका परिवार भएका विकका छोराहरु वैदेशिक रोजगारीमा छन् । उनीहरुले पनि बुवालाई पढ्न प्रोत्साहन गर्नुका साथै सहयोग गरेको विक बताउनुहुन्छ । ढल्कँदो उमेरमा पनि शिक्षाप्रतिको उहाँको मोह देखेर विद्यालयका शिक्षकहरुले 'पढ्नलाई उमेरले छेक्दैन' भन्ने भनाइ पुष्टि भएको बताउने गरेका छन्।

यस वर्ष गोरखाबाट तीन हजार ७५० जना विद्यार्थीहरूले सहभागिता जनाएका छन्। शिक्षा विकास तथा समन्वय इकाइ गोरखाका अनुसार यो वर्ष नियमिततर्फ दुई हजार चारसय ७६ र ग्रेड वृद्धितर्फ एक हजार २५० जना परीक्षार्थीहरू कक्षा १२ को परीक्षामा सहभागी छन्।